## बैठक नं. ९

आज मिति २०७९ भाद्र ३१ गते शुक्रवार दिनको ३:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री श्यामकुमार अधिकार | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत (पृथ्वी) | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सदस्य | श्री श्याम दानकोटी | |
| २१ | सदस्य सचिव | श्री लक्ष्मी प्रसाद वास्कोटा | |

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | वरिष्ठ अधिकृत सातौं | श्री सुजिन्द्र महर्जन | |
| ३ | वरिष्ठ अधिकृत सातौं | श्री जनक थापा | |
| ४ | सूचना प्रविधि अधिकृत | श्री परशुराम चौलागाई | |
| ५ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |

विषयवस्तुहरु

१) उप- प्रमुखको वैदेशिक तालिम/भ्रमण अनुमोदन गर्ने सम्वन्धमा
२) नेपाल भाषा प्रशिक्षक सहायक र स्वयंसेवक (अंग्रेजी विषय, मा.वि.) को म्याद थप गर्ने सम्वन्धमा
३) बालविकास सहजकर्ता, कार्यालय सहायक र कार्यालय सहयोगीको सुविधा सम्वन्धमा
४) डेंगु रोगको रोकथाम र नियन्त्रण सम्वन्धमा
५) आवधिक योजना सम्वन्धमा
६) नगर प्रहरी परिचालनका लागि कानुनी व्यवस्था गर्ने सम्वन्धमा
७) सरसफाईकर्मी र प्राविधिक जनशक्ती दैनिक ज्यालादारीमा व्यवस्थापन सम्वन्धमा
८) विविध ।

निर्णय नं. १

19 देखि 22 September, 2022 मा Brisbane, Australia मा हुने 2022, Asia-Pacific Ministerial Conference on Disaster Risk Reduction (APMCDRR), मा यस नगरपालिकाको तर्फबाट उप-प्रमुख श्री शुभलक्ष्मी शाक्य (सुनिता) को सो कार्यक्रमबाट मनोनयन भै सकेकोले यहाँको भ्रमण/यात्रा सफलताको शुभकामना सहित वैदेशिक भ्रमण अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

साविकदेखि यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा करार सेवामा कार्यरत नेपाल भाषा प्रशिक्षक सहायकहरु र स्वयंसेवकहरु (अंग्रेजी विषय, मा.वि.) को लागि गत आर्थिक वर्षमा उपलब्ध गराउदै आएको सेवा सुविधालाई निरन्तरता दिई २०७९ साउन १ गतेदेखि लागु हुने गरि २०८० असार मसान्त सम्म कायम हुने गरि करार म्याद थप्ने निर्णय गरियो ।

निर्णय नं. ३

साविकदेखि यस नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा करार सेवामा कार्यरत बालविकास सहजकर्ता, कार्यालय सहायक र कार्यालय सहयोगीहरुको लागि गत आर्थिक वर्षमा उपलब्ध गराउदै आएको सेवा सुविधालाई निरन्तरता दिई २०७९ साउन १ गतेदेखि लागु हुने गरि २०८० असार मसान्त सम्म कायम हुने गरि करार म्याद थप्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ४

हाल देशैभर महामारीको रुपमा देखा परेको डेंगु रोग कीर्तिपुर नगरक्षेत्रमा पनि व्याप्त देखिएकोले सो को रोकथाम र नियन्त्रणका लागि तपशिल वमोजिमका कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

क) नगरपालिकावाट रोकथाम तथा नियन्त्रणका लागि पर्चा, माईकिङ आदी गरि प्रचार प्रसार गर्ने,

ख) नगरपालिकावाट जनप्रतिनिधि र कर्मचारी र स्वास्थ्य स्वयंसेवीहरुलाई अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने,

ग) वडा कार्यालयवाट खोज तथा नष्ट अभियान सञ्चालनका लागि प्रति वडा वढीमा रु. ५,०००/- का दरले उपलव्ध गराउने र

घ) विद्यालयहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं. ५

नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० - २०८४/०८५ सम्मका लागि आवधिक योजना तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिकामा करार सेवामा रहेका र थप नियुक्ति गरिने नगर प्रहरी परिचालनका लागि कानुनी व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

अर्को व्यवस्था नभएसम्मक लागि नगरपालिका कार्यालयको सरसफाईका लागि दुई जना सफाईकर्मीहरु तथा प्लम्विङ र ईलेक्ट्रिक सम्वन्धी कार्य गर्न प्राविधिक जनशक्ति दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

CamScanner